## सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, पुन्ना, डोटीको
## अनुसन्धान तथा प्रशिक्षण परिषद्‌को नवौ बैठक सम्पन्न

सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान डोटीको आठौं अनुसन्धान तथा प्रशिक्षण परिषद्‌को बैठक मिति २०८२ चैत्र ९ गते मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय धनगढीमा सम्पन्न भएको छ । प्रतिष्ठानको ऐन २०७७ तथा पहिलो संशोधन ऐन २०७९ को दफा ९ (१) बमोजिम परिषद्‌को आठौं बैठक बसेको हो । बैठकको अध्यक्षता सुदूरपश्चिम प्रदेश सरकारका मुख्यमन्त्री माननीय कमल बहादुर शाहले गर्नु भएको थियो । परिषद्‌को बैठकमा जिल्ला समन्वय समिति डोटीका प्रमुख श्री लक्ष्मण बहादुर सिंह (परिषद् सदस्य मनोनीत), प्रमुख सचिव श्री बैकुण्ठ प्रशाद अर्याल (परिषद् सदस्य) सुदूरपश्चिम प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सुदूरपश्चिम प्रदेश लोक सेवा अयोगका अध्यक्ष श्री यज्ञराज बोहराज्यू (परिषद् सदस्य), भिमदत्त नगरपालिकाका उपप्रमुख श्री निलम लेखक जोशी, (परिषद् सदस्य मनोनीत ) श्री पूर्ण बहादुर थापा जानकी गाउँपालिका ९ कैलाली (परिषद् सदस्य मनोनीत ) तथा कार्यकारी निर्देशक श्री गेहेन्द्र बम (परिषद् सदस्य सचिव) को उपस्थिती रहेको थियो ।

परिषद्‌को नवौं बैठकमा प्रतिष्ठानका कार्यकारी निर्देशक गेहेन्द्र बमले प्रतिष्ठानले आ.व २०८२/०८३ को फाल्गुन महिना सम्म सम्पादन गरेका प्रमुख कार्यहरुको वारेमा प्रस्तुतिकरण गर्नुका साथै प्रतिष्ठानको आगामी कार्ययोजनाको वारेमा बैठकलाई जानकारी गराउनु भएको थियो । प्रतिष्ठानको आर्थिक तथा प्रशासनिक विनियमावली २०८२ माथिको छलफल तथा स्वीकृत, प्रतिष्ठानको कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली २०८२ को छलफल तथा स्वीकृत, अधिकृत स्तर सातौ/आठौ तहको सेवा प्रवेश र अधिकृत स्तर नवौ तथा दशौ तहको सेवाकालिन तालिमको पाठ्यक्रम स्वीकृत भइ कार्यान्वयनमा जानेछ।

आफनो समापन मन्तव्यमा मुख्यमन्त्री कमल बहादुर शाहले प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानलाई अझ राम्रो, श्रोत संस्थाको रुपमा विकास गर्न साथै अनुसन्धान मुलक कार्यहरु र प्रशिक्षण कार्यक्रमहरुलाई व्यवस्थित र प्रभावकारी बनाउनको लागि स्थानीय तहहरु संगको समन्वयमा जोड दिनुपर्ने साथै प्रदेश सरकारले निरन्तर प्रतिष्ठानलाई समय साक्षेप अनुरुप सहयोग गरिरहने प्रतिवद्धता व्यक्त गर्दे कार्यक्रम समापन गर्नु भएको थियो ।


HiSoft
श्री पूर्ण बहादुर थापा


HiSoft


मा. कमल बहादुर शाह
श्री बैकुण्ठ प्रसाद अर्याल
श्री यशराज बोहरा
मा. डा. सुश्री जीवन राना
उपाध्यक्ष
प्रदेश नीति तथा योजना आयोग, सुदूरपश्चिम प्रदेश
HiSoft




सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा
प्रशिक्षण प्रतिष्ठान (आर्थिक प्रशासन)
विनियमावली
२०८२


सुदूरपश्चिम प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान
पुन्ना, डोटी
अनुसन्धान तथा प्रशिक्षण परिषद्को नवौं बैठक
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
धनगढी, कैलाली
२०८२ चैत्र ९
1